# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्डः ७ संख्याः ३ असोज १७ गते, २०८०**

## भाग-२

## खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८०

**प्रमाणीकरण मिति: २०८० असोज १७ गते**

**प्रस्तावना:**

सुन्दरहरैँचा नगरपालिका क्षेत्रभित्र खानेपानीको पहुँच सबै नगरवासीहरूमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूको गठन, दर्ता, नवीकरण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले सुन्दरहरैँचा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८० बनाई सुन्दरहरैँचा नगर कार्यपालिकाको मिति २०८०/०६/१७ गतेको बैठकबाट स्वीकृत गरी लागु गरिएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस कार्यविधिको नाम "खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि सुन्दरहरैँचा नगरपालिकाभित्र लागु हुनेछ।

(३) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) ''खानेपानी'' भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनु पर्छ ।

(ख) ''खानेपानीको स्रोत'' भन्नाले सुन्दरहरैँचा नगरभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानीलाई सम्झनु पर्छ ।

(ग) ''नगरपालिका'' भन्नाले सुन्दरहरैँचा नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) ''नगर प्रमुख'' भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) ''उप-प्रमुख'' भन्नाले सुन्दरहरैँचा नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ ।

(च) ''प्रमुख प्रशासकीय अधिकृत'' भन्नाले सुन्दरहरैँचा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) ''समिति'' भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

(ज) ''तोकिएको'' वा ''तोकिए बमोजिम'' भन्नाले यस कार्यविधि अन्तर्गत बनेको निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. <u>उपभोक्ता समिति दर्ता गर्नुपर्ने</u>:** स्थानीय स्तरमा सामुदायिक रूपमा समूहको निमित्त खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी यसै कार्यविधि बमोजिम दर्ता गरी सञ्चालन गर्नुपर्नेछ । यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुँदैन ।

**४. <u>खानेपानीको मुहान (मूल) दर्ता गर्नुपर्ने</u>:** (१) नगरपालिका क्षेत्रमा खानेपानी उत्पादनको मुख्य स्रोत मुहान (मूल) बाट सङ्कलन गरी खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो मूल विधानमा उल्लेख गरी आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नुपर्नेछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी सङ्कलन गर्ने उत्पादनको मुख्य स्रोत मुहान (मूल) उपयोगका लागि नगरपालिका समक्ष अनुमति माग गर्नुपर्नेछ । माग भएपछि निम्न अनुसारको ५ (पाँच) सदस्यीय सिफारिस समितिले मूल उपयोगका लागि अनुमति दिन मिल्ने नमिल्ने सम्बन्धमा स्थलगत अध्ययन सहित छानबिन गरी अनुमति दिन मिल्ने अवस्था देखिएमा सिफारिस गर्न सक्नेछ ।

सिफारिस समितिः

| | |
|---|---|
| (क) संयोजक | – नगर प्रमुख |
| (ख) सदस्य | – नगर उप-प्रमुख |
| (ग) सदस्य | – सम्बन्धित वडाको अध्यक्ष |
| (घ) सदस्य | – प्रमुख प्रशासकीय अधिकृत |
| (ङ) सदस्य सचिव | – वन, वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख |

(२) उपदफा (१) बमोजिमको समितिको सिफारिस प्राप्त भएपछि कार्यपालिका बैठकबाट खानेपानी तथा सरसफाई उपभोक्ता समितिले माग गरेको मुहानको उपयोगका लागि अनुमति दिन सक्नेछ ।

**५. <u>समिति दर्ता तथा नवीकरणका लागि निवेदन दिनुपर्ने</u>:** (१) समिति दर्ता गर्न चाहने सम्बन्धित उपभोक्ताहरू मध्येबाट कम्तीमा सात जना व्यक्तिहरूले समिति सम्बन्धी देहायको विवरण खुलाई समितिको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित नगरपालिका समक्ष अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(क) समितिको नाम,

(ख) उद्देश्यहरू,

(ग) समितिका सदस्यहरूको नाम, ठेगाना, पेशा र नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

(घ) कार्यालयको ठेगाना,

(ङ) समिति सञ्चालनको विधि र प्रक्रिया

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि दफा ४ को उपदफा (२) बमोजिम कार्यपालिकाको स्वीकृति अनुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ।

(३) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

(४) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नवीकरण गर्नुपर्नेछ। दर्ता दस्तुर रु. २०००/- (दुई हजार), नवीकरण दस्तुर कार्यालयको नियमानुसार वार्षिक रूपमा तिर्नु पर्नेछ। समितिले समयमा नवीकरण नगरेमा जरिवाना दस्तुर कार्यालयको नियमानुसार थप लाग्नेछ।

(५) दफा ५ को उपदफा (४) बमोजिम समिति नवीकरण गर्दा देहायका कागजातहरू बुझाउनु पर्नेछ।

(क) नवीकरणका लागि निवेदन

(ख) नवीकरणका लागि समितिको बैठकको निर्णयको प्रतिलिपि

(ग) उपभोक्ता समिति दर्ता प्रमाण-पत्रको प्रतिलिपि

(घ) उपभोक्ता समितिको लेखापरीक्षण प्रतिवेदन

(ङ) खानेपानीको गुणस्तर परीक्षण प्रतिवेदन

**६. विधानमा खुलाउनुपर्ने विवरणहरू:** दफा ५ को उपदफा (१) बमोजिम पेश गर्नुपर्ने समितिको विधानमा देहायका विवरणहरू खुलाउनु पर्नेछ।

(क) पूरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्कासन र राजीनामा,

(ङ) हकदाबी, नामसारी र हकवालाको मनोनयन

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन, निर्वाचन एवम् काम, कर्तव्य तथा अधिकार सम्बन्धी,

(ज) सञ्चालक पदमा बहाल रहन नसकेको अवस्थामा सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(झ) कोष र लेखापरीक्षण,

(ञ) विधान संशोधन,

(ट) विघटन,

(ठ) सेवा शुल्क लिने कुरा,

(ड) विविध।

**७. समितिको सम्पत्तिको सुरक्षा:** (१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध समितिको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा या रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाइदिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी नगरपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित अदालतमा उजुरी गर्न सक्नेछ।

**८. यसअघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्नुपर्ने:** यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्कालीन प्रचलित कानून बमोजिम दर्ता भएकाले सूचीकृत हुने र दर्ता नभएकाले दर्ता हुने वा दर्ता नभई सञ्चालन भइरहेका समितिले पनि कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम दर्ता गराउनु पर्नेछ।

सूचीकृत दर्ता हुनको लागि गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

**९. समितिको उद्देश्यहरूमा हेरफेरः** (१) समितिको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्बन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) समितिको विधान संशोधन सम्बन्धमा साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाई सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ। तर सो प्रस्ताव लागु गर्न नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

**१०. समितिको वर्गीकरणः** दर्ता अनुमति प्राप्त गरी नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य सङ्ख्याको आधारमा निम्नअनुसार उपभोक्ता समितिको वर्गीकरण हुनेछ।

(१) १००१ जना वा सोभन्दा बढी उपभोक्ता सदस्य भएको (क) वर्ग,

(२) ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको (ख) वर्ग,

(३) ५०० जनासम्म उपभोक्ता सदस्य भएको (ग) वर्ग

**११. तदर्थ समिति गठन गर्न सकिनेः** यसअघि दर्ता स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरूले तोकिए बमोजिम ६ महिनाभित्र साधारण सभा गरी उपभोक्ता समिति गठनको प्रक्रिया पूरा नगरेमा त्यस्ता उपभोक्ता समितिहरूलाई विघटन गरी सञ्चालन नियमित गर्न नगरपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरू मध्येबाट तदर्थ समिति गठन गर्न सक्नेछ।

**१२. हिसाब जाँच गर्न सक्नेः** (१) कुनै कारणले समितिको हिसाब जाँच गर्नु परेमा नगरपालिकाले तोकेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ।

(२) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरू वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(३) हिसाब जाँच गर्ने अधिकृतले नगरपालिकाले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ। सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो समितिको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको देखिएमा त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानीनोक्सानी असुलउपर गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ। तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्नेछ।

**१३. अनुगमन तथा निर्देशनः** (१) नगरपालिकाले खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूको अनुगमन गरी आवश्यक परेमा समितिलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ।

(२) नगरपालिकाले खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूको अनुगमन गरी उत्कृष्ट ठहरिएका समितिहरूलाई पुरस्कृत गर्न सक्नेछ।

(३) दफा १ र २ अनुसारको कार्य उप-प्रमुखको संयोजकत्वमा गठन भएको नगर स्तरीय अनुगमन समितिले गर्न सक्नेछ।

(४) अनुगमन समितिमा सम्बन्धित वडाको वडाध्यक्ष पदेन सदस्य रहनेछ।

**१४. दण्ड सजायः** (१) दफा ४ बमोजिम अनुमति नलिई समिति स्थापना गरेमा वा दफा ५ बमोजिम दर्ता नगरी समिति सञ्चालन गरेमा त्यस्ता समितिलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गराउन सक्नेछ।

(२) दफा ११ को उपदफा (१) बमोजिम हिसाब जाँच गर्न सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगरपालिकाले पाँच हजार रुपैयाँसम्म जनही जरिवाना गर्न सक्नेछ।

(३) दफा ९ बमोजिम नगरपालिकाको स्वीकृति नलिई समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ।

**१५. पुनरावेदनः** दफा १३ को उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा पैँतीस दिनभित्र नगर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ।

**१६. समितिको विघटन वा त्यसको परिणामः** (१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याएसम्म त्यस्तो दायित्व नगरपालिकाले बेहोर्ने छ।

(३) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा अपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानून बमोजिम असुल उपर गराइदिनेछ।

**१७. संघ गठन गर्न सकिनेः** दर्ता स्वीकृति प्राप्त गरी नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरू मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी नगर स्तरीय जलस्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख, सहयोग र मातहतमा अन्य सम्पूर्ण समितिहरूलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

**१८. कार्यविधि संशोधन गर्न सक्नेः** नगर कार्यपालिकाले आवश्यकताअनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

**१९. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

**२०. खारेजी र बचाउः** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम भए गरेको काम यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

अनुसूची-१
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
निवेदन पत्रको ढाँचा

श्री सुन्दरहरैँचा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
मोरङ।

महोदय,

हामीले ........................................................................ उपभोक्ता समिति गठन गरी दर्ता गराउन चाहेकाले खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८० को दफा ५ को उपदफा (१) बमोजिम उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको दुई प्रति विधान र दुई हजार रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं।

विवरण:
१. उपभोक्ता समितिको नामः
२. कार्यक्षेत्रः
३. उद्देश्यहरूः
(क)
(ख)
(ग)
(घ)
(ङ)
४. सदस्यहरूको नाम, ठेगाना, पेशा र ना.प्र.प.नं.
(क)
(ख)
(ग)
(घ)
(ङ)
(च)
(छ)
(ज)
(झ)
(ञ)
(ट)
५. उपयोग गरिने खानेपानी स्रोतको विवरण:

(क) खानेपानी स्रोतको नाम र रहेको ठाउँ:
(ख) खानेपानी स्रोतबाट गरिने प्रयोगः
(ग) उपभोक्ता समितिले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण:
(घ) उक्त खानेपानी स्रोतको हाल भइरहेको उपयोगः
६. उपभोक्ता समितिले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण:
(क) सेवाको किसिमः
(ख) सेवा पुयाउने क्षेत्रः
(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको सङ्ख्याः
(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः
७. आर्थिक स्रोतको विवरण:
८. कार्यालयको ठेगाना:

निवेदक,

उपभोक्ता समितिको तर्फबाट दरखास्त दिनेको

सही:
नामः
पदः
ठेगाना:

अनुसूची-२
(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

सुन्दरहरैँचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ
कोशी प्रदेश, नेपाल

खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता प्रमाण-पत्र

दर्ता नं. ............ मितिः

श्री (सम्बन्धित उपभोक्ता समितिको नाम)
..................................................
..................................................

खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८० को दफा ५ को उपदफा (२) बमोजिम ............. साल .......... महिना ............ गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ । खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८० बमोजिम आफ्नो कार्य सञ्चालन गर्नुहोला ।

आज्ञाले,
अम्बिकाप्रसाद चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत